## वनपैदावार लिलाम बिक्रीको विस्तृत सूचना

ईन्द्रेणी सामुदायिक वन उपभोक्ता समूह, कालिका न.पा.-११, चितवन

अध्यक्ष
नारायण चेपाङ

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बढाबढको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०४/०५**

यस श्री इन्द्रेणी सामुदायिक वन उपभोक्ता समूह, कालिका-११, चितवनको वनबाट आ.व. २०८१/०८२ र २०७९/०८० मा उत्पादित समूहको कम्पाउण्ड स्थल घाटगढ्ढीमा राखिएको तपसिल बमोजिम निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ/दाउराको कारोबार गर्ने व्यक्ति, संघ/संस्था, उद्योग, फर्म वा कम्पनीले यो सूचना नागरिक (प्रदेश) दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २० औ दिन भित्र बोलपत्र खरिद गरी २१ औ दिन भित्र बोलपत्र फाराम शिलबन्दी पेश गर्नुहुन काठ/दाउरा बोलपत्र लिलाम बिक्रीको सुचनां आवहान गरिन्छ ।

तपसिल :-

१. लिलाम हुने वनपैदावारको विवरण :-

लट नं. १/२०८२/२०८३

| वनपैदावारको | | | | | | न्यूनतम मूल्य रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | जात | किसिम | ग्रेड | थान | परिमाण(क्यू.फि.) | दररेट | जम्मा रकम | |
| १ | साल | गोलिया | A | ३२ | ५९९.८७ | रु. १२५०।०० | रु. ७,४९,८३७।५० | कटानमुछान-खर्च नियमानुसार थप लाग्नेछ । |
| २ | साल | गोलिया | B | ३० | ३१६.४८ | रु. ९००।०० | रु. २,८४,८३२।०० | |
| ३ | साल | गोलिया | C | १६ | ९३.४७ | रु. ६००।०० | रु. ५६,०८२।०० | |
| जम्मा | | | | ७८ | १००९.८२ | | रु. १०,९०,७५१।५० | |

लट नं. २/२०८२/२०८३

| वनपैदावारको | | | | | | न्यूनतम मूल्य रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | जात | किसिम | ग्रेड | थान | परिमाण(क्यू.फि.) | दररेट | जम्मा रकम | |
| १ | साल | गोलिया | A | ३२ | ५०८.३६ | रु. १२५०।०० | रु. ६,३५,४५०।०० | कटानमुछान-खर्च नियमानुसार थप लाग्नेछ । |
| २ | साल | गोलिया | B | २२ | २२२.९२ | रु. ९००।०० | रु. २,००,६२८।०० | |
| ३ | साल | गोलिया | C | १० | ६७.७५ | रु. ६००।०० | रु. ४०,६५०।०० | |
| जम्मा | | | | ६४ | ७९९.०३ | | रु. ८,७६,७२८।०० | |

लट नं. ३/२०८२/२०८३

| वनपैदावारको | | | | | | न्यूनतम मूल्य रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | जात | किसिम | ग्रेड | थान | परिमाण(क्यू.फि.) | दररेट | जम्मा रकम | |
| १ | चाँप | गोलिया | A | ६ | २८८.२० | रु. ७००।०० | रु. २,०१,७४०।०० | कटानमुछान-खर्च नियमानुसार थप लाग्नेछ । |
| २ | चाँप | गोलिया | B | ९ | ४२८.५७ | रु. ५००।०० | रु. २,१४,२८५।०० | |
| जम्मा | | | | १५ | ७१६.७७ | | रु. ४,१६,०२५।०० | |

लट नं. ४/२०८२/२०८३

| वनपैदावारको | | | | | | न्यूनतम मूल्य रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | जात | किसिम | ग्रेड | थान | परिमाण(क्यू.फि.) | दररेट | जम्मा रकम | |
| १ | साल | चिरान | | २०१ | २५१.१३ | रु. १७५०।०० | रु. ४,३९,४७७।५० | कटानमुछान-खर्च नियमानुसार थप लाग्नेछ । |
| २ | दाउरा चट्टा | | | | २ चट्टा | रु. १२०००।०० | रु. २४,०००।०० | |
| जम्मा | | | | | | | रु. ४,६३,४७७।५० | |

अध्यक्ष
नारायण चेपाङ

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :-

क) खरिद गर्नुपर्ने अन्तिम मिति २०८२/०४/२४ गते कार्यालय समय भित्र ।

ख) दाखिला मिति २०८२/०४/२५ गते वा सार्वजानिक विदा परेको खण्डमा त्यसको भोलि पल्ट कार्यालय खोलिएको दिनको १२:०० बजे भित्र ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% (दश प्रतिशत) ले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको नाममा रहेको **राष्ट्रिय बाणिज्य बैंक,भरतपुरको खाता १३१०१००००४५७७००१** मा नगद जम्मा गरेको सक्कल बैंक भौचर समावेश गरेको हुनुपर्नेछ ।

४. बोलपत्र फाराम खरिद बापतको रकम नियमानुसार लाग्नेछ र पछि फिर्ता नहुने गरी समुहको नाममा **राष्ट्रिय बाणिज्य बैंक,भरतपुरको खाता १३१०१००००४५७७००१** मा नगद जम्मा गरेको भौचर वा नगदी रसिद पेश गरी यस सामुदायिक वन उपभोक्ता समुह र डिभिजन वन कार्यालय चितवनबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र श्री ईन्द्रणी सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्ड स्थलमा रहेको घाटगद्धी स्थानमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक काठ/दाउरामा आधारित कारोबार गर्ने उद्योग वा कम्पनीको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, नागरिकता प्रमाणपत्रको प्रतिलिपी, प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी र वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपीका साथ बोलपत्र पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनत्तम संख्याका र रितपूर्वक पर्न आएका बोपत्रहरु मिति २०८२/०४/२६ गते दिनको १ बजे समूहको कार्यालयमा साक्षीहरुको रोहोवरमा खोलिने छ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार रकम तथा निर्धारित मूल्य अभिबृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वनपैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्नेछ । सकारकर्ताले बोलपत्रमा सकार गरिएको भनि भरेको रकम अङ्क र अक्षर मध्ये फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।